**सूचनाको हक सम्बन्धी नियमावली, २०६५** को नियम ३ मा उल्लेखित अनिवार्य प्रकाशनका विषयहरू ।

**क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण**

- आर्थिक वर्ष ०७७।०७८ का यस इकाइबाट आधारभूत तहका ४७२ जना शिक्षकहरूका लागि एकीकृत पाठ्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो ।
- स्थानीय तहका शिक्षा शाखामा कार्यरत कर्मचारी एवम् सामाजिक विका समितिका संयोजकहरूलाई २ दिने शैक्षिक नीति अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो ।
- ३६ जना विद्यालयका प्रधानअध्यापक एवम् लेखा सम्बन्धी काम गर्ने कर्मचारीहरूका लागि विद्यालय लेखापालन तथा सार्वजनिक खरीद सम्बन्धी तालिम संचालन भएको थियो ।

**ख) सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण**

- यस इकाइको वेवसाइट रहेको र उक्त वेवसाइटको web address: www.edcumyagdi.gov.np रहेको छ ।

ख१) **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण ।**

- उल्लेख भए अनुसारको सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग प्राप्त नगरेको ।

ख२) **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

- चालु आर्थिक वर्ष ०७८।०७९ को अन्तिम चौमासिक अवधिमा ३० जना शिक्षक तथा कर्मचारीहरूका लागि सार्वजनिक खरिद सँग सम्बन्धित लेखा व्यवस्थापन तालिम संचालन गरिएको, स्थानीय तहका प्राविधिक सहायकहरूका लागि क्षमता विकास तालिम संचालन गरिएको थियो।
- माध्यमिक शिक्षा परीक्षा ०७८ संचालन व्यवस्थापन गरिएको । यस जिल्लामा माध्यमिक शिक्षा परीक्षा ०७८ का लागि परीक्षण केन्द्र समेत रहेको हुँदा उत्तरपुस्तिका परीक्षण समपरीक्षणसँग सम्बन्धित कार्य गरेको सो का लागि जिल्लास्थित माध्यमिक तहमा अध्यापनरत ७२ जना शिक्षकहरूलाई परीक्षक समपरीक्षकको रूपमा नियुक्त गरिएको थियो।

ख ३) **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

ख४) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय,

- चालु आर्थिक वर्ष ०७८।०७९ को अन्तिम चौमासिकको अवधिमा सूचना माग सम्बन्ध निवेदन प्राप्त नभएको ।

ग) **सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण ।**

- सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन हुने व्यवस्था नरहेको ।